# सगरमाथा
इन्स्योरेन्स कं. लि.
# Sagarmatha
INSURANCE COMPANY LTD.

(A JOINT VENTURE WITH **CEYLINCO INSURANCE PLC**, SRI LANKA)


**केन्द्रीय कार्यालयः** "सुरक्षण" भवन, भगवती मार्ग, नक्साल, पोष्ट बक्स नं. १२२११, काठमाडौं, नेपाल

फोन: ४४१२३६७, फ्याक्स: ९७७-१-४४१२३७८

E-mail: sagarmatha@insurance.wlink.com.np, Web: www.sagarmathainsurance.com.np


## व्यापारीको संयुक्त बीमालेख

| जारी गर्ने स्थान |
|---|
| |

यस बीमालेखको अनुसूचीमा उल्लेखित बीमित (यस पछि 'बीमित' भनिएको)ले **सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड** (यस पछि 'कम्पनी' भनिएको) संग बीमा गराउन इच्छुक भई सो वापत अनुसूचीमा उल्लेखित बीमाशुल्क भुक्तान गरी लिखित प्रस्ताव तथा विवरणमा उल्लेखित कुराहरूको सत्यता कबूल गर्दै सहीछाप गरी कम्पनी समक्ष पेश गरेको प्रस्ताव तथा विवरण कम्पनी तथा बीमितबीचको करारको आधार हुनेछ भन्ने कुरा स्वीकार गरेकोले, प्रस्तुत बीमालेखले प्रमाणित गर्दछ कि यस बीमालेखको अनुसूचीमा उल्लेखित अवधिभर भएको वा हुन गएको हानि-नोक्सानी वा दुर्घटनाको कानूनी दायित्वको लागि कम्पनीले यस बीमालेखमा उल्लेखित, अनुमोदित वा अन्य तवरबाट व्यक्त गरिएका शर्त एवं सुविधा, अपवाद तथा प्रतिबन्धात्मक वाक्यांशहरूको अधीनमा रही यसै बीमालेखमा व्यक्त गरिएको हद तथा भुक्तानीको तरिका वा अदली बदली, पुनर्स्थापन वा मर्मत गर्ने गरी बीमितलाई क्षतिपूति दिइनेछ।

तर यहाँ यो उद्घोषण गरिन्छ कि यस बीमालेख र यस अन्तर्गतको अनुसूचीमा निर्दिष्ट गरिएका कुरा वा खण्डहरूको हकमा मात्र यो करार लागू हुनेछ र प्रस्तुत बीमालेखको सम्बन्धमा उल्लेखित प्रस्ताव वा लिखितलाई यस करारको आधार मानिनेछ।

जसको प्रमाण स्वरूप..................................................मा आज विक्रम संवत्.................................. का दिन यस बीमालेखमा **सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड**का तर्फबाट सहीछाप गरियो।

.......................................................................

अधिकार प्राप्त दस्तखत

**सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड**

## खण्ड“क”

## वस्तुगत हानि–नोक्सानी

यस बीमालेखमा उल्लेखित सामान्य अपवादहरूको अधीनमा रहने गरी बीमालेख चालु रहेको अवस्थामा देहायमध्येका कुनै पनि जोखिमको कारणबाट अनुसूचीमा उल्लेखित सम्पत्तिमा भएको हानि–नोक्सानी वापत कम्पनीले बीमितलाई भुक्तानी दिने वा पुनर्स्थापना गर्ने वा मर्मतको माध्यमबाट क्षतिपूर्ति दिनेछः-

१. आगलागी वा चटचाङ्ग वा दुवै

२. हूलदंगा तथा हडतालः भन्नाले देहायको कारणबाट भएको हानि–नोक्सानी बुझाउँदछ ।

क) यस बीमालेखमा उल्लेखित अपवादको घटना मानी सार्वजनिक शान्तिमा खलल पार्ने कार्यमा अन्य व्यक्तिहरूसंग मिली काम गर्ने कुनै व्यक्तिको कार्य (हडताल वा तालाबन्दीको सिलसिलामा भएको वा नभएको जे भए पनि) ।

ख) शान्ति खलल पार्ने कुनै कार्य दबाउन वा त्यस्तो कुनै कार्यको परिणाम वा असर न्यून गर्ने क्रममा कानून बमोजिम गठन भएको कुनै पनि निकायबाट गरिएको काम कारवाही ।

ग) कुनै हडताल अगाडि बढाउन वा तालाबन्दीको प्रतिकार स्वरूप कुनै पनि हडतालकर्ता वा तालाबन्दी गर्ने कामदारबाट गरिएको मनसाय युक्त कार्य ।

घ) कुनै कार्य रोक्न वा रोक्ने प्रयास गर्ने वा त्यस्तो कुनै कार्यको परिणाम न्यून गर्ने क्रममा कानून बमोजिम गठन भएको कुनै पनि निकायबाट गरिएको काम कारवाही ।

तर उपरोक्त अवस्थामा प्रत्येक दावी वापतको पहिलो १० प्रतिशत वा रू. ५,००० जुन कम हुन्छ, रकम कट्टा गरिने छ ।

३. द्वेशपूर्ण कार्यद्वारा भएको क्षतिः बीमा गरिएको सम्पत्तिमा कुनै व्यक्तिको दुराशययुक्त कार्य (त्यस्तो कार्य सार्वजनिक शान्ति खलल पार्ने सिलसिलामा गरिएको वा नगरिएको जे भए पनि) को कारणबाट प्रत्यक्ष रूपमा पुग्न गएको हानि–नोक्सानीलाई बुझाउँदछ । तर त्यस्तो कार्य यस बीमालेखको सामान्य अपवाद खण्ड (२) मा उल्लेखित कुनै घटना वा त्यस्तो घटना सम्बन्धमा गरिएको कार्य हुनु हुँदैन । यसमा बीमितले व्यहोर्नु पर्ने अनिवार्य अधिक रू. १,५००।- (एक हजार पाँच सय रूपैयाँ मात्र) हुनेछ ।

४. विस्फोटनः कानून बमोजिम गठित (de jure) वा वास्तविक (de facto) सरकारलाई बलपूर्वक पतन गराउन कुनै संगठनको तर्फबाट गरिएको कार्य वा सो सिलसिलामा वा त्यसरी पतन गराउने उद्देश्यले गरिएको क्रियाकलापमा भाग लिएको वा त्यस्तो सरकारलाई हिंसा वा आतंकवादबाट प्रभाव पार्ने कार्यमा लागेको कुनै व्यक्तिको कुनै कार्य वा त्यस्तो कार्यको माध्यमबाट वा सोको प्रत्यक्ष वा अप्रत्यक्ष परिणामस्वरूप हुन गएको हानि–नोक्सानी बाहेकका अन्य हानि–नोक्सानी ।

५. वायुयान तथा सोबाट खसेको अन्य हवाई संयन्त्र वा वस्तु ।

६. समाघातः बीमित वा बीमितको परिवारको कुनै सदस्य वा बीमितको घरेलु कामदारको स्वामित्व वा नियन्त्रणमा नरहेको कुनै सवारी साधन वा जनावरबाट यस बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्तिमा पुग्न गएको समाघातलाई बुझाउँदछ । यस वापत बीमितले व्यहोर्नु पर्ने अनिवार्य अधिक रू. ५,०००।- (पाँच हजार रूपैयाँ मात्र) हुनेछ ।

७. भूकम्प, आगलागी तथा धक्काः भूकम्पको परिणामस्वरूप बाढी वा तलाव, टचाङ्की तथा नदीको पानी सतहभन्दा माथि आएकोमा बाहेक भूकम्पबाट कुनै पनि सम्पत्तिमा पुग्न गएको हानि–नोक्सानी (आगजनीबाट भएको हानि–नोक्सानी समेत) लाई बुझाउँदछ ।

८. पानी टचाङ्की ओभरफ्लो तथा संयन्त्र विस्फोटः कुनै पनि संयन्त्र वा स्वचालित स्प्रीङ्कलबाट पानी निस्केर वा चुहिएर हुन गएको हानि–नोक्सानी बाहेक पानी टचाङ्की तथा संयन्त्र विस्फोट वा ओभरफ्लो हुन गई भएको हानि–नोक्सानीलाई बुझाउँदछ ।

९. हूरी, बतास तथा आँधीबेरीः यस अन्तर्गत देहायका हानि–नोक्सानी पर्दैनः-

क) खुला स्थानमा संचालन गर्ने वा बाहिर निस्कने प्रयोजनको लागि बनाएको भवनको संरचना तथा उपकरण (प्लान्ट) बाहेक खुला स्थान वा मार्गस्थलमा रहेको सम्पत्तिको हानि–नोक्सानी ।

ख) बीमा गरिएको भवन वा बीमा गरिएको सम्पत्ति रहेको भवनलाई हूरी, बतास तथा आँधीबेरीको प्रत्यक्ष बलबाट सोको छाना वा गारोमा पुग्ने वास्तविक क्षति शुरू भै थेग्न नसकेको अवस्थामा हूरी सहित वा हूरी रहित वर्षाको प्रत्यक्ष प्रभावबाट बीमा गरिएको भवन वा सम्पत्ति रहेको भवनको छाना वा गारोमा प्वाल पारी त्यस्तो भवनमा पानी पसी उक्त भवन वा सम्पत्तिमा हुन गएको हानि–नोक्सानीको लागि बीमित स्वयं जवाफदेही हुनेछ ।

ग) हूरी, बतास तथा आँधीबेरीको परिणामस्वरूप भए नभए पनि पहिरो तथा जलमग्नको प्रत्यक्ष वा परोक्ष कारणबाट हुन गएको हानि–नोक्सानी ।

घ) प्रत्येक हानि–नोक्सानी वापतको रकममा रू. ५,०००।- (पाँच हजार रूपैयाँ मात्र) अनिवार्य अधिक लगाइनेछ ।

१०. बाढीः यस बीमालेखको प्रयोजनको लागि 'बाढी' भन्नाले कुनै पनि जलमार्ग वा जलाशय वा नहर वा बाँधबाट अकस्मात बाटो बिराएर निस्केको पानी सम्झनु पर्छ ।

प्रत्येक हानि–नोक्सानी वापतको रकममा रू. ५,०००।- (पाँच हजार रूपैयाँ मात्र) अनिवार्य अधिक लगाइनेछ ।

११. कम्पनीले देहायको अवस्थामा बीमा गरिएको भवनमा बीमाङ्क रकमको २ प्रतिशतमा नबढ्ने गरी बीमितलाई क्षतिपूर्ति समेत दिनेछः-

क) यस बीमालेख अन्तर्गत रक्षावरण गरिएको भवन आगलागी वा अन्य कुनै जोखिमबाट हानि–नोक्सानी भै कुनै भागको भग्नावशेष हटाउँदा, सफा गर्दा वा भत्काउँदा बीमितले अनिवार्य रूपमा व्यहोर्नु पर्ने खर्च रकम ।

ख) यस बीमालेख अन्तर्गत रक्षावरण गरिएको भवनको हानि–नोक्सानी भै सो भवन पुनर्स्थापनाको लागि बीमितले आर्किटेक्ट, सर्भेयर तथा कन्सल्टेन्ट इन्जिनीयरहरूको सेवा प्राप्त गरी सो वापत आवश्यकता अनुसार बुझाएको शुल्क रकमको सोधभर्ना कम्पनीले गर्नेछ र त्यस्तो रकम सम्बन्धित व्यवसायी संस्थाको प्रचलित दर बमोजिम स्वीकृत रकमभन्दा बढी हुने छैन । तर कुनै पनि दावी तयार गर्दा लागेको खर्च कम्पनीले व्यहोर्ने छैन ।

१२. यस बीमालेखको खण्ड (क) अन्तर्गत पर्ने जोखिम बिरूद्ध रक्षावरण गरिएको भवनलाई क्षति पुग्न गएको अवस्थामा कम्पनीले उक्त क्षतिपूर्ति वापत व्यहोर्नु पर्ने रकमको सम्बन्धमा बीमितले संचालन गर्न नसक्ने अवस्था आइपरेमा कम्पनीले थप खर्च वापत देहायका कुरा सम्बन्धमा प्रतिवर्ष अधिकतम रकम रू. ५,०००।- (पाँच हजार रूपैयाँ मात्र) बीमितलाई क्षतिपूर्ति दिनेछः-

(क) वैकल्पिक भाडाः एकैनासको भवन, तला र शहर वापत लाग्ने ६ (छ) महिनाको भाडा ।

(ख) क्षति नभएका र यस बीमालेख अन्तर्गत बीमा गरिएका स्टक, उपकरण तथा फर्निचरको ढुवानी गर्दा लागेको अतिरिक्त खर्च ।

(ग) यातायात, विज्ञापन तथा श्रमिक शुल्क वापतको खर्च ।

१३. आतंकवादको रक्षावरणः

यस बीमालेखको अपवादमा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम गठित (de jure) वा वास्तविक (de facto) सरकार वा स्थानीय निकायलाई पतन गराउन वा प्रभाव पार्न (कुनै संगठन, निकाय वा व्यक्ति वा व्यक्तिहरूको समूहको तर्फबाट) बलपूर्वक वा डर, त्रास वा आतंक वा हिंसाको माध्यमबाट गरिएको कुनै कार्यसंग प्रत्यक्ष रूपमा सम्बन्धित वा त्यस्तो कार्यबाट यस बीमालेखको अनुसूचीमा उल्लेखित सम्पत्तिमा पुग्न गएको हानि–नोक्सानीमा बीमितले अनिवार्य अधिक वापत प्रत्येक दावीमा १० प्रतिशत व्यहोर्ने गरी रक्षावरण गर्न मञ्जुर गरिन्छ ।

सम्पूर्ण बीमालेख (एउटै जोखिमको लागि एउटाभन्दा बढी बीमालेख लिएको अवस्थामा) अन्तर्गत पर्ने एउटै जोखिम वापतको कुनै पनि सम्पत्ति हानि–नोक्सानी भएको अवस्थामा बीमितले प्राप्त गर्ने क्षतिपूर्तिको सीमा रू. १,००,००,०००।- (एक करोड रूपैयाँ मात्र) भन्दा बढी हुने छैन ।

यस विस्तारद्वारा गरिएका व्यवस्थाहरू पूर्णतया खण्ड (क) को हकमा मात्र लागू हुनेछ र अन्य कुनै खण्डका हकमा लागू हुने छैन ।

## खण्ड 'ख"

## सेंधमारी वा नकवजनी वा दुवै

कम्पनीले देहायको अवस्थामा भएको कुनै पनि हानि–नोक्सानीको क्षतिपूर्ति बीमितलाई दिनेछः-

(क) यस बीमालेख अन्तर्गत बीमा गरिएका सरसामानहरू अनुसूचीमा उल्लेखित परिसरमा रहेको समयमा सेंधमारी वा नकवजनी वा दुवै वा तत्सम्बन्धी कुनै प्रयत्नबाट त्यस्ता सामानहरूमा पुग्न गएको हानि–नोक्सानी ।

(ख) सेंधमारी वा नकवजनी वा दुवै वा तत्सम्बन्धी कुनै प्रयत्नबाट परिसरमा पुग्न गएको बीमितले बहन गर्नु पर्ने हानि–नोक्सानी ।

देहायको अवस्थामा यस बीमालेख अन्तर्गत भएको दावीमा कम्पनी जवाफदेही हुने छैनः-

१. बीमितको परिवारको कुनै सदस्य, कामदार, नोकर वा कानूनसम्मत रूपमा सो

परिसरमा रहेको कुनै व्यक्तिको सहयोगबाट कुनै रूपमा पुग्न गएको हानि-नोक्सानी ।

२. यस बीमालेखमा विशेष रूपमा उल्लेख गरिएकोमा बाहेक नासो, धरौटी वा जिम्मामा राखिएको कुनै सामान, कलात्मक कृति, लिखत, विनिमय पत्र (बिल अफ एक्सचेन्ज), चेक, नगद सेक्यूरिटी, हुलाक टिकट, हुलाक टिकट संग्रह गर्ने कुनै प्रकारको वस्तु, योजना नक्सा (ड्रइङ्ग), पाण्डुलिपि, मोडल तथा डिजाइनहरू ।

यस बीमालेखको प्रयोजनको लागि सेंधमारी र नकवजनी भन्नाले बलजफ्ती वा हिंसात्मक उपाय वा आक्रमणद्वारा वा बीमित तथा निजको कामदारहरूलाई डरत्रासमा पारी बीमितको परिसरभित्र पस्नुलाई सम्झनु पर्छ ।

बीमितले सम्पत्तिको सुरक्षाको लागि ढोका, झ्याल तथा खुला ठाउँको सुरक्षा गर्न सबै सामान्य तथा मनासिव होशियारी अपनाउनु पर्नेछ ।

## खण्ड 'ग'

## नगदको बीमा

बीमा अवधिभर अनुसूचीमा उल्लेखित अवस्था तथा परिस्थिति परी बीमितको स्वामित्वमा रहेको वा निज जिम्मेवार रहेको नगदमा हुन गएको हानि-नोक्सानी वापत कम्पनीले बीमितलाई क्षतिपूर्ति दिनेछ ।

माथि उल्लेखित क्षतिपूर्तिको व्यवस्था देहायको हकमा लागू हुनेछैनः-

(क) बीमितको कामदारले नगदको ओसार-पसार गर्दा (मार्गस्थमा) भएको चोरी, फौज्दारी हिनामिना वा निज कामदारले नगद लिएर फरार भएको अवस्थामा बाहेक बीमितको कामदारको जालसाजी वा बेइमानीबाट हुन गएको हानि-नोक्सानीको क्षतिपूर्ति दिइनेछ ।

(ख) भूलचूक बस हुन गएको कमी ।

(ग) बीमितको स्वामित्वमा रहेको स्ट्रङ्ग रूम वा सेफबाट त्यस्तो सेफ वा स्ट्रङ्गरूमको साँचो वा डुब्लिकेट (नक्कली) साँचो, धम्की वा हिंसाको माध्यमबाट प्राप्त गरी उक्त साँचो प्रयोग गरेर नगद झिकेको कारणबाट हुन गएको हानि-नोक्सानी नभएसम्म ।

घ) बीमित वा निजका कामदारहरूलाई हातपात गरी वा हिंसा वा सोको धम्की दिई बलपूर्वक हिंसात्मक तवरले परिसरमा प्रवेश गरेको वा परिसरबाट बाहिर गएकोमा बाहेक परिसरमा रहेको वखत चोरी भई हुन गएको हानि-नोक्सानी ।

यस प्रयोजनको लागि दिइने क्षतिपूर्ति निम्न बमोजिम हुनेछः-

१. दराजमा रहेको नगदको हकमा अधिकतम सीमा रू. १०,०००।- (दश हजार रूपैयाँ मात्र) भन्दा बढी हुने छैन ।

२. परिसरको सेफमा रहेको नगदको हकमा अधिकतम सीमा रू. ५०,०००।- (पचास हजार रूपैयाँ मात्र) भन्दा बढी हुने छैन ।

३. व्यक्तिगत दुर्घटना रक्षावरण समाविष्ट भएको ।

यस बीमालेखको लागि 'नगद' शब्दको सिक्का वा मूल्य सहितको मुद्रा नोट मात्र वा दुवैलाई बुझाउँदछ ।

लिखित रूपमा बीमालेखले देहायका रक्षावरण गर्ने गरी विस्तार गर्न मञ्जुर गर्दछः-

१. व्यक्तिगत दुर्घटनाः-

यस बीमालेख अन्तर्गत बीमा गरिएको नगद ओसार पसार वा लैजाँदा वा अन्यथा जिम्मा लिएको बीमित वा निजको साझेदार वा कामदार वा दुवैबाट नगद लुट्दा वा नगद लुट्ने धम्कीपूर्ण प्रयत्न गर्दाको कारण कुनै दुर्घटना भई निजको मृत्यु वा स्थायी रूपमा शारीरिक अशक्त हुन गएमा दिइने क्षतिपूर्ति रकम देहाय बमाजिम हुनेछः-

क) मृत्यु वा पूर्ण तथा स्थायी अशक्तता भै काम गर्न नसक्ने भएमा वा पूर्ण तथा स्थायी रूपले दृष्टि लोप भएमा वा एउटा वा दुईवटा हात वा खुट्टाको बिच्छेदन भै पूर्ण तथा स्थायी रूपले काम गर्न नसक्ने अवस्था भएमा रू. १,००,०००।- (एक लाख रूपैयाँ मात्र) क्षतिपूर्ति वापत रकम दिइनेछ ।

## खण्ड 'घ'

## कामदारहरूको लागि व्यक्तिगत दुर्घटना सुबिधा

बीमा अवधिभर बीमितको काम (सेवा) गरिरहेको बेला त्यस्ता कामदार(हरू)लाई वाह्य तथा प्रत्यक्ष देखिने किसिमको कुनै गम्भीर दुर्घटनाको कारणबाट शारीरिक क्षति वा चोट पटक लागि हानि-नोक्सानी भएमा बीमितको कामदार(हरू)लाई वा निजले इच्छाएको व्यक्ति वा कानूनी प्रतिनिधिलाई क्षतिपूर्ति वापत रू. २५,०००।- (पचीस हजार रूपैयाँ मात्र) भुक्तानी गरिनेछ ।

तर त्यस्तो क्षति वा चोटपक देहायमा उल्लेखित परिणाम (क)-(ग) मध्ये कुनै एकको कारणबाट मात्र भएको हुनु पर्नेछः-

क) मृत्यु

ख) दुर्घटना भएको तीन महिनाभित्र उक्त दुर्घटनाको कारणबाट दुवै वा एउटा आँखाको स्थायी रूपमा निको नहुने गरी भएको दृष्टि लोप एक वा दुई वा सो भन्दा बढी हात खुट्टाको पूर्ण रूपमा भएको क्षति ।

ग) दुर्घटना भएको बाह्र महिनाभित्र कुनै पनि प्रकृतिको कुनै रोजगार वा व्यवसायमा संलग्न भएको वा लागेको वा त्यस्तो रोजगार वा व्यवसायबाट बञ्चित हुन गएको माथि प्रकरण (ख) मा उल्लेखित बाहेक अन्य स्थायी रूपको पूर्ण अशक्तता ।

तर देहायको कारणबाट हुन गएको कुनै चोटपटक वा मृत्युको सम्बन्धमा कम्पनी जिम्मेवार हुने छैनः-

क) युद्ध, आक्रमण, विदेशी शत्रुको कारवाही वा युद्ध सरहको कार्य (युद्ध घोषणा गरिएको वा नगरिएको जे भए पनि) गृह युद्ध, विद्रोह, राज्य विप्लव, सैनिक वा वलात् शक्ति अपहरणबाट हुन गएको कुनै चोटपटक वा मृत्यु ।

ख) आत्महत्या वा आत्महत्याको प्रयास वा बीमितबाट उद्घोषण गरी कम्पनीबाट स्वीकार गरिएकोमा बाहेक बीमित मानसिक असन्तुलनमा रहेको वा नशालु पदार्थ वा मदिरा वा औषधिको प्रयोगबाट हुन गएको कुनै चोटपटक वा मृत्यु ।

ग) मान्यता प्राप्त हवाई कम्पनीबाट संचालित वा व्यापारिक वा औद्योगिक फर्मको स्वामित्वमा रहेको तथा व्यावसायिक बिमान चालक अनुमती पत्र प्राप्त व्यक्तिले उडाएको पूर्ण रूपमा अनुमति प्राप्त स्तरयुक्त गैरसैनिक वायुयानमा टिकट लिएको यात्रुको रूपमा यात्रा गर्दा बाहेक अन्य कुनै वायुयानमा यात्रा गर्दा हुन गएको चोट पटक वा मृत्यु ।

घ) जलस्केटिङ्ग तथा ट्रिकको कार्य, हिउँदे खेलकूद, आइस हक्की, पोलो, शिकार, डोरीबाट पर्वत चढ्ने वा पर्वतारोहण गर्ने तथा त्यस्तो कार्यमा पथ प्रदर्शकको रूपमा जाने पैदलमा बाहेक अन्य माध्यमबाट कुनै किसिमको दौड गर्ने, नदीमा जलयात्रा गर्ने, रग्वी खेल्ने, बक्सिङ्ग वा कुस्ती खेल्ने, जुडो, कराते वा अन्य शस्त्र सहित वा रहित जुनसुकै प्रकारको लडाईंमा संलग्न भएको कारणबाट भएको चोटपटक वा मृत्यु ।

## खण्ड 'ङ'

## सूचना पाटी/नियोन साइनबोर्ड बीमा

सूचना पाटी/नियोन साइनबोर्डमा हुन गएको आकस्मिक क्षतिको लागि कम्पनीले बीमितलाई क्षतिपूर्ति वापत रू. १०,०००।- (दश हजार रूपैयाँ मात्र) उपलब्ध गराउने छ ।

तर देहायको कुराको सम्बन्धमा कम्पनी जिम्मेवार हुने छैनः-

बीमितको परिवारको कुनै सदस्य, कामदार वा परिसरमा कानून बमोजिम उपस्थित कुनै व्यक्तिको सहयोग वा निजले सूचना पाटी/नियोन साइनबोर्डमा पुऱ्याएको हानि-नोक्सानी ।

**सामान्य अपवादहरूः**

क) देहायको अवस्थामा प्रत्यक्ष वा परोक्ष रूपमा भएको वा हुन गएको वा उत्पन्न भएको कुनै प्रकारको कानूनी दायित्वबाट प्रत्यक्ष वा परोक्ष रूपमा भएको वा हुन गएको वा उत्पन्न भएको वा सृजना भएको कुनै हानि-नोक्सानी यस बीमालेख अन्तर्गत समावेश भएको मानिने छैन ।

१. आणविक विकीरण अथवा आणविक इन्धन वा आणविक इन्धनको ज्वलन पछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियो धर्मिताको संसर्गबाट प्रत्यक्ष वा परोक्ष रूपले हुने कुनै हानि-नोक्सानी ।

२. आणविक अङ्गहरूलाई कुनै विस्फोटक आणविक जोडजाड (एसेम्बली) को रेडियो धर्मिता, विषालु (टकिसक), विस्फोटक वा अन्य जोखिमपूर्ण अंशहरूबाट हुन गएको होनि-नोक्सानी ।

ख) देहायका कुनै अवस्था वा सोको प्रत्यक्ष वा परोक्ष परिणामस्वरूप उत्पन्न कुनै हानि-नोक्सनी ।

१. युद्ध, आक्रमण, विदेशी शत्रुको कारवाही वा युद्ध सरहको कार्य (युद्ध घोषित वा अघोषित जे सुकै होस्), गृहयुद्ध ।

२. क्रान्ति (जन-आन्दोलनको विशेषता भएको वा नभएको), गैरसैनिक विद्रोह, सैनिक विद्रोह, सैनिक वा वलात् शक्ति अपहरण वा कानूनद्वारा स्थापित वास्तविक सरकारलाई बलपूर्वक वा अपदस्थ गर्ने वा आतंकबाट सरकारलाई प्रभाव पार्ने कार्यतर्फ लक्षित क्रियाकलाप गर्ने कुनै संगठन वा तत्सम्बन्धमा काम गर्ने कुनै व्यक्तिको कार्य ।

ग) ध्वनिक गतिमा (सुपर सोनिक) यात्रा गर्ने वायुयान तथा अन्य हवाई संयन्त्रहरूको कारणबाट उत्पन्न हावाको बेगबाट (प्रेसर वेभ) हुन गएको हानि-नोक्सानी ।

घ) कुनै किसिमको परोक्ष (कन्सिक्वेन्सियल) हानि-नोक्सानी ।

ङ) चोरीबाट हुनगएको हानि-नोक्सानी ।

च) वस्तुको स्वभाविक उत्तेजना (फरमेन्टेसन) प्रकृति, प्राकृतिक ताप वा स्वःस्फूर्त प्रज्ज्वलन शक्ति (कम्बसन) बाट हुन गएको त्यस्तो सम्पत्तिको हानि-नोक्सनी ।

छ) देहायको कारणबाट सम्पत्तिमा हुन गएको हानि-नोक्सानीः-

१. सार्वजनिक निकायको आदेशबाट आगो लगाई नष्ट गरिएको सम्पत्ति ।

२. भूमिगत आगलागी ।

ज) आणविक हतियार सामग्रीको कारण प्रत्यक्ष वा परोक्ष रूपमा हुन गएको वा उत्पन्न भएको वा सोमा भएको हानि-नोक्सानी ।

झ) बन, जङ्गल, झाडी वा चरनमा भवितव्य वा कुनै कारणले डढेलो लागी वा वन जङ्गल फडानी गर्दा लगाएको आगलागी वा डढेलोबाट हुन गएको हानि-नोक्सानी ।

ञ) यस बीमालेखमा स्पष्ट रूपमा अन्यथा उल्लेख गरिएकोमा बाहेक,

१. नासो, धरौटी वा कमिशनमा राखिएको सामान ।

२. रू. ५००।- (पाँच सय रूपैयाँ मात्र) भन्दा बढी मूल्यका सुन, चाँदी वा जडान नगरिएका बहुमूल्य पत्थर ।

३. पाण्डुलिपि, योजना, नक्सा वा प्रारूप, मोडल, ढलाई, साँचो ।

४. सुरक्षण, दायित्व वा कुनै किसिमको दस्तावेज, हुलाक टिकट, सिक्का, नोट, चेक, हिसाब किताबको श्रेस्ता, अन्य व्यावसायिक हिसाब किताबको श्रेस्ता, कम्प्यूटर प्रणाली अभिलेख ।

ट) कुनै व्यक्तिले गैरकानूनी तवरले कुनै भवनमा कब्जा गरेको परिणामस्वरूप सो भवन स्थायी वा अस्थायी रूपमा त्यस्तो व्यक्तिको अधिकार आदिबाट बञ्चित गराइने काम गर्दा (बेदखली) हुन गएको हानि-नोक्सानी ।

ठ) ह्रास तथा टुटफुटबाट हुन गएको हानि-नोक्सानी ।

९. विद्युतीय (इलेक्ट्रिकल) बन्देजः

यस बीमालेख अन्तर्गत बीमा गरिएका विद्युतीय मेशीन, यन्त्र, उपकरण, जडान आदि संयन्त्रका हकमा यो व्यवस्था लागू हुनेछ । बीमा गरिएको विद्युतीय उपकरण वा जडान, फिक्स्चर वा फिटिङ्ग (विद्युतीय पंखा, विद्युतीय घरेलु संयन्त्रहरू, वायरलेस सेट, टि.भि. सेट तथा रेडियो समेत) बढी प्रयोग भई सो को चाप, शट (शर्ट सर्क्यूट), स्व-ज्वलन, आर्किङ्ग, विद्युत् चुहावट (चटचाङ समेत) जस्ता जुनसुकै कारणबाट आगजनी भै हानि-नोक्सानी भएमा यस्तो विद्युतीय उपकरण वा जडान, फिक्स्चर वा फिटिङ्ग वा सोको खास भाग बाहेक अन्य उपकरण वा जडान, फिक्स्चर वा फिटिङ्ग वा यस्तो उपकरणको कुनै भाग आगजनीबाट हानि-नोक्सानी भएमा कम्पनीले दायित्व बहन गर्नेछ ।

**बन्देजः**

यस बीमालेख चालु रहेको अवधिभर यस बीमालेखको अनुसूचीमा उल्लेखित तथा बीमितले प्रयोग गरेको भवनको कुनै पनि खण्डमा भण्डार गरिएका जोखिमपूर्ण सामानको परिमाण (मूल्य) त्यहाँ राखिएका सम्पूर्ण सामानको कुल मूल्यको एक प्रतिशतभन्दा बढी हुने छैन ।

**पुनर्स्थापना दफाः**

यस बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्तिको हानि-नोक्सानी हुन गएको अवस्थामा यस बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्तिको हानि-नोक्सानी हुन गएको अवस्थामा यस बीमालेख अन्तर्गत भुक्तानी गर्नु पर्ने रकमको हिसाब गर्दा त्यस्तो सम्पत्ति समान प्रकार वा किसिममा साटफेर गर्दा वा पुनर्स्थापना गर्दा लाग्ने मूल्य बराबर हुनेछ ।

तर बीमितको सम्पत्ति नयाँ हुँदाको अवस्थामा भन्दा उच्च कोटीको वा बढी काम दिने खालको सम्पत्तिको मूल्य हुने छैन । यो व्यवस्था यस बीमालेखमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक भवनका फिटिङ्ग उपकरण, फर्निचर, सामानमा लागू हुने तर व्यापारिक मौज्दात, खाद्य सामग्री, पोको पार्ने सामग्री तथा त्यस्तै अन्य सामानमा लागू हुने छैन ।

**पुनर्स्थापन सम्बन्धी विशेष व्यवस्थाः**

१. सोधभर्ना वा पुनर्स्थापन (कम्पनीको दायित्वमा बृद्धि नहुने गरी बीमितको आवश्यकता अनुसार कुनै अर्को स्थानमा पनि उपयुक्त तरिकाबाट गरिन्छ) को थालनी तदारूखताका साथ गरी कुनै पनि अवस्थामा हानि-नोक्सानी भएको १२ महिना वा कम्पनीले लिखित रूपमा प्रदान गरेको समय (सो १२ महिना भित्र) पूरा गरिसक्नु पर्छ । यस अनुसार कार्यान्वयन नगरिएमा यो नियम लागू नभए सरह मानी बढी रकम भुक्तानी दिइने छैन ।

२. जबसम्म हानि-नोक्सानी भएको सम्पत्तिको सोधभर्ना वा पुनर्स्थापन खर्च बीमितबाट व्यहोरिदैन तबसम्म यस बीमालेख अन्तर्गत यो नियम कार्यान्वयन अनुसार कम्पनीले व्यहोर्नु पर्ने कुनै पनि अधिक रकम व्यहोर्ने छैन ।

३. यदि सोधभर्ना वा पुनर्स्थापनको समयमा आई पर्ने खर्च रकम सम्पूर्ण सम्पत्ति नष्ट भएको वखतमा सोधभर्ना वा पुनर्स्थापन गर्नु पर्दा व्यहोरिनु पर्ने रकम यस बीमालेख अन्तर्गत बहन गरिएको आगजनी वा अन्य संकट (पेरिल) को कारणबाट सम्पत्ति हानि-नोक्सानी भएमा त्यस्तो खर्च वापतको रकम बीमाङ्कभन्दा बढी हुन गएमा त्यस्तो फरक पर्न गएको अधिक रकमको बीमा बीमित र स्वयंले सकारेको मानिनेछ र समानुपातिक आधारमा त्यस्तो रकम बीमितले व्यहोर्नु पर्नेछ । अगाडिको व्यवस्था झैं बीमालेखको प्रत्येक वस्तु (एक भन्दा बढी भएमा) छुट्टाछुट्टै मानिने छ ।

४. माथि (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा यो बन्देज लागू हुने छैनः-

क) हानि-नोक्सानी भएको ६ (छ) महिनाभित्र वा लिखित रूपमा प्रदान गरेको थप समयावधिभित्र सोधभर्ना वा पुनर्स्थापन गर्ने मनसाय व्यक्त गरी बीमितले कम्पनीलाई सूचना नदिएमा ।

ख) हानि-नोक्सानी भएको सम्पत्ति सोही वा अर्को ठाउँमा स्थापन वा पुनर्स्थापन गर्न बीमित अनिच्छुक वा असमर्थ भएमा ।

**बीमालेखमा उल्लेख गरिएका शर्तहरू**

यो बीमालेख तथा यसको अभिन्न अंग मानिने अनुसूची, शर्त तथा सामान्य अपवादको व्यवस्था समेत एउटा करारको रूपमा रहनेछ र यो बीमालेख वा यसको अनुसूचीको कुनै भागमा विशेष अर्थ दिने गरी प्रयोग गरिएका शब्द तथा वाक्यांशहरूको अर्थ त्यस्तो शब्द वा वाक्यांशहरू उक्त करारको जुनसुकै स्थानमा विशेष अर्थको लागि प्रयोग गरिएको छ, सोही बमोजिमको विशेष अर्थ हुनेछ ।

१. **प्रमाण जुटाउने जिम्माः**

यस बीमालेखले बहन गरेको कुनै हानि-नोक्सानी यस बीमालेख अन्तर्गत पर्दैन भनी कम्पनीले दावी अस्वीकार गरेमा त्यस्तो हानि-नोक्सानी यस बीमालेख अन्तर्गत पर्दछ भनी प्रमाण पुऱ्याउने जिम्मा बीमितको हुनेछ ।

२. **जोडी वा सेटमा रहने सामानहरूः**

यस बीमालेख अन्तर्गत बीमा गरिएको कुनै जोडी वा सेटमा रहने सामानको हानि-नोक्सानी हुँदा त्यस्तो जोडी वा सेटको हानि-नोक्सानी नभै ती मध्ये एक वा कुनै भागको मात्र क्षति भएको अवस्थामा कम्पनीको दायित्व जोडी वा सेटको बीमाङ्क मूल्यको समानुपातिक भागभन्दा बढी हुने छैन । त्यसै गरी त्यस्तो जोडी वा सेटको पूरै मूल्यलाई ध्यानमा नराखी हानि-नोक्सानी भएको खास भाग वा अंशको मूल्यभन्दा बढी हुने छैन ।

३. **औसतः**

यस बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्ति आगलागी हुँदा बखतको मूल्य सामूहिक रूपमा बीमा गरिएको मूल्यभन्दा बढी हुन आएमा सो बढी रकमको लागि बीमित स्वयं बीमक मानी तद्नुसार बढी परेको रकमको क्षतिपूर्ति दामासाहीले व्यहोर्ने छ । यदि बीमा गरिएको सम्पत्ति एकभन्दा बढी रहेछ भने प्रत्येक सम्पत्ति यो शर्तको अधीनमा रहने छ । तर यस अन्तर्गत बीमा गरिएको प्रत्येक सम्पत्तिको बीमाङ्क हानि-नोक्सानी भएको बखतमा सामूहिक मूल्यको ८५ (पचासी) प्रतिशतभन्दा घटी नभएमा यो शर्त लागू हुने छैन ।

४. **सामुद्रिक बीमा सम्बन्धी दफाः**

यस बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्ति हानि-नोक्सानी भएको बेला सामुद्रिक बीमालेख अन्तर्गत बीमा भएको भएमा वा हुन आउने ठहरिएमा, उक्त हानि-नोक्सानीको यस बीमालेख अन्तर्गत क्षतिपूर्ति दिइने छैन । सामुद्रिक बीमालेखहरू अन्तर्गत व्यहोरिने रकमभन्दा बढी रकमको हानि-नोक्सानी भएको रहेछ भने सो नपुग रकमसम्म मात्र यस बीमा अन्तर्गत क्षतिपूर्ति दिइनेछ ।

५. **गलत-विवरणः**

यस बीमालेख अन्तर्गत बीमा गरिएको कुनै सम्पत्ति वा भवन वा त्यस्तो सम्पत्ति रहेको स्थानका सम्बन्धमा जोखिम मूल्याङ्कन गर्न वा त्यस्तो तथ्य उल्लेख गर्न आवश्यक पर्ने सत्य तथ्य कुराका सम्बन्धमा बीमितले कुनै गलत विवरण दिएमा त्यस्तो गलत विवरण दिएको वा यथार्थ विवरण नदिएको कारणबाट सम्पत्तिमा हुन जाने हानि-नोक्सानीको हकमा कम्पनी जवाफदेही हुनै छैन ।

६. **भर्पाईः**

बीमाशुल्क भुक्तानी सम्बन्धमा बीमितलाई त्यस्तो बीमाशुल्क भुक्तानी गरे वापत कम्पनीको कर्मचारीले दस्तखत गरी प्राप्ति रसिद नदिएसम्म उक्त बीमाशुल्क भुक्तानी गरिएको मानिने छैन ।

७. **अन्य बीमकसंगको बीमाः**

यस बीमालेख अन्तर्गत बीमा गरिएको जुनसुकै सम्पत्ति अन्य बीमकसंग बीमा गरेको भए सो बारेको सूचना बीमितले कम्पनीलाई दिनु पर्नेछ । यस्तो सूचना

कम्पनीलाई नदिएमा वा बीमा गरेको बारेको विवरण यस बीमालेखमा उल्लेख नगरेमा वा कम्पनीको तर्फबाट लिखित समर्थन नभएमा यस बीमालेख अन्तर्गत प्राप्त हुने सम्पूर्ण सुविधाहरूबाट बीमित बञ्चित हुनेछ ।

८. **भत्केको भवनः**

यस बीमालेख अन्तर्गत गरिएको बीमाः

(क) कुनै भवन वा सोको कुनै भाग ।

(ख) कुनै भवनमा रहेको जुनसुकै सम्पत्ति ।

(ग) कुनै भवनको भाडा वा सोमा रहेको जुनसुकै सम्पत्तिको सम्बन्धमा गरिएको बीमा ।

भवन भत्कन गएमा वा विस्थापन भएमा यो बीमा रद्द हुनेछ ।

(क) भत्केको त्यस्तो भवन वा सोको कुनै भाग ।

(ख) भवनको सम्पूर्ण भाग वा सोको कुनै खण्ड वा त्यस्तो भागको अङ्गको रूपमा रहेको कुनै संरचना ।

तर भवन भत्केको वा विस्थापन भएको कारणबाट जोखिमको वस्तुगत अवस्था वा स्थितिमा बृद्धि हुन गई त्यस्तो भवनको सम्पूर्ण वा अधिकांश वा महत्त्वपूर्ण अंश भत्कन गई वा विखण्डन भई उक्त भवन वा खण्ड वा सोमा रहेका सम्पत्तिहरूको उपयोगितामा बाधा पुग्न गएको हुनु पर्नेछ ।

साथै यस बीमालेख अन्तर्गत बीमा गरिएका भवन वा भनवहरू वा संरचना भत्कन वा विस्थापन हुन गएको कारण आगजनीबाट भएर हानि-नोक्सानी भएको हुनु हुँदैन ।

कुनै काम कारवाही, मुद्दा वा अन्य कारवाहीमा माथि उल्लेख गरिए बमोजिम भवन भत्कनु वा विस्थापन हुनुको कारण आगजनीबाट भएको हो भनी पुष्टचाई गर्ने अभिभारा बीमितको हुनेछ ।

९. **फेरबदल तथा विस्थापनः**

कुनै हानि-नोकसानी हुनु पूर्व बीमितले कम्पनीको तर्फबाट बीमालेखमा दरपीठ गराई कम्पनीको स्वीकृति नलिएको देहायका अवस्थामा यो बीमालेख लागू हुने छैनः-

क) आगजनीबाट हुने हानि-नोक्सानीको जोखिम अवस्थामा बृद्धि हुने गरी व्यापार वा उत्पादन परिवर्तन गरेमा, पेशा वा व्यवसायको प्रकृति वा बीमा गरिएको भवन वा सम्पत्ति रहेको भवनलाई प्रभाव पार्ने परिस्थिति परिवर्तन गरेमा ।

ख) बीमा गरिएको भवन वा सम्पत्ति रहेको भवन लगातार १० (दश) दिनभन्दा बढी भोगचलन नगरिएमा ।

ग) यस बीमालेखमा बीमा गरिएको भनी उल्लेख गरिएको बाहेकको अन्य कुनै भवन वा स्थानमा बीमा गरिएको सम्पत्ति स्थानान्तरण गरिएमा ।

घ) इच्छापत्र वा कानूनी व्यवस्थाको कारणबाट बाहेक बीमा गरिएको सम्पत्तिमा रहेको बीमायोग्य हित बीमितबाट अर्को व्यक्ति वा संस्थामा सरेमा ।

१०. **बीमाको खारेजीः**

बीमितको अनुरोधमा कुनै पनि समयमा यो बीमा रद्द गर्न सकिने छ । यस अवस्थामा बीमालेख कायम रहेको अवधिको निमित्त चलन अनुसारको छोटो अवधिको दरले हुन आउने बीमाशुल्क रकम फिर्ता गरिनेछ । कम्पनीले चाहेमा बीमितलाई त्यस किसिमको ७ (सात) दिने सूचना दिई यो बीमा कुनै बखत पनि रद्द गर्न सक्नेछ र यस अवस्थामा कम्पनीले बीमितलाई बीमा रद्द भएको मितिले बाँकी अवधिको लागि समानुपातिक दरमा बीमाशुल्क फिर्ता दिनु पर्नेछ ।

११. **कम्पनीको अधिकार-साल्वेज पुनः प्राप्त गर्नेः**

यस बीमालेखले बहन गरेको कुनै सम्पत्ति हानि-नोक्सानी भएमा कम्पनीले देहायको कार्यहरू गर्न सक्नेछः-

क) हानि-नोक्सानी भएको परिसरमा प्रवेश गर्ने ।

ख) हानि-नोक्सानीको समयमा भवन वा परिसरमा रहेको बीमितका कुनै सम्पत्ति कब्जामा लिने वा त्यस्तो सम्पत्ति आफू समक्ष हस्तान्तरण गर्न लगाउने ।

ग) कुनै त्यस्तो सम्पत्ति आफ्नो कब्जामा लिने र सोको परीक्षण, छानबीन वा प्रबन्ध गर्ने र त्यस्तो सम्पत्ति हटाउने वा अन्य तरिकाबाट व्यवस्था मिलाउने ।

घ) त्यस्तो सम्पत्ति शिलबन्दी गर्ने तथा सम्बन्धित प्रयोजनको लागि उक्त सम्पत्ति बेचबिखन गर्ने ।

बीमितले यस बीमालेख अन्तर्गत कुनै दावी नगर्ने कुराको लिखित सूचना नदिएसम्म वा कुनै दावी गरिएकोमा त्यस्तो दावी अन्तिम निरूपण नभएसम्म वा फिर्ता नलिएसम्मको कुनै पनि अवस्थामा कम्पनीले यो अधिकार प्रयोग गर्न सक्नेछ । कम्पनीले यस व्यवस्था अन्तर्गत प्राप्त गरेको अधिकार प्रयोग गरी गरेको वा गर्न खोजेको कुनै कार्यबाट बीमित उपर कुनै थप दायित्व वा कुनै दावी स्वरूप प्राप्त हुने सुबिधालाई असर पार्ने छैनन् ।

बीमित वा निजको तर्फबाट कुनै व्यक्तिले उल्लेखित शर्तहरू अबलम्बन नगरेमा वा कम्पनीले यस अन्तर्गत प्रदत्त आफ्नो अधिकार प्रयोग गर्दा कम्पनीलाई बाधा वा अवरोध पुऱ्याएमा यस बीमालेख अन्तर्गतका सम्पूर्ण लाभहरूबाट बीमितलाई बञ्चित गर्न सकिनेछ ।

कुनै पनि अवस्थामा बीमितले कम्पनीद्वारा कब्जामा लिइएको वा नलिइएको सम्पत्तिको अधिकार छाड्न पाउने छैन ।

१२. **जफतः**

दावी सम्बन्धी कुनै कुरामा जालसाज भएमा वा कुनै तथ्य विवरण झुट्ठा दिएकोमा वा त्यस्तो विवरण वा तथ्यको पुष्टिको लागि प्रयोग गरिएको अन्य कागज वा विवरण वा बीमित वा निजको तर्फबाट कुनै व्यक्तिले यस बीमालेख अन्तर्गत कुनै लाभ प्राप्त गर्न कुनै जालसाजीको माध्यम वा संयन्त्र अपनाएको अवस्थामा वा बीमितको कुनै स्वेच्छापूर्ण कार्य वा निजको मिलोमतोबाट कुनै हानि-नोक्सानी हुन गए वा कुनै दावी गरेको अवस्थामा सो दावी अस्वीकार गरिएको मितिले तीन महिनाभित्र यस बीमालेखको शर्त नं. १९ बमोजिमको प्रक्रिया अवलम्बन नगरिएमा वा त्यस्तो प्रक्रिया अवलम्बन गरी निर्णय भएको अवस्थामा कानून बमोजिम कुनै कारवाही वा मुद्दा नगरिएमा यस बीमालेख अन्तर्गत कुनै वा सबै लाभहरू पाउने अधिकारबाट बीमित बञ्चित हुनेछ ।

१३. **पुनर्स्थापनः**

कम्पनीले हानि-नोक्सानी भएको सम्पत्ति, त्यसको कुनै अंश क्षतिपूर्ति रकम नगदमा नदिई उक्त सम्पत्तिलाई कम्पनीले आफूले चाहे अनुसार पुनर्स्थापन वा सट्टा भर्ना गरी दिन सक्नेछ वा उक्त काम बीमकले आफैं वा अन्य काम्पनी वा बीमकसंग मिली गर्न सक्नेछ । तर कम्पनीले यस प्रकार पुनर्स्थापन वा सट्टा भर्ना गर्दा दुरूस्त मौलिक रूप दिन बाध्य हुने छैन र परिस्थिति अनुसार सक्भर मनासिब माफिक गर्न सक्नेछ र पुनर्स्थापन वा सट्टा भर्ना दिंदा यस्तो हानि-नोक्सानी जुन बेलामा भएको हो सो अवधिमा यस्तो सम्पत्तिको पुनर्स्थापन वा सट्टा भर्ना गर्न जति रकम लाग्दथ्यो त्यो भन्दा बढी वा बीमा गरेको रकमभन्दा बढी दिन कुनै पनि हालतमा बीमक बाध्य हुने छैन ।

कम्पनीले कुनै सम्पत्तिको यसरी पुनर्स्थापन वा सट्टा भर्ना गर्न रोजेमा बीमितले आफ्नो खर्चमा योजना, नाप नक्सा तथा परिमाण र त्यस्तै अरू कागजात कम्पनीले चाहेमा उपलब्ध गराउनु पर्नेछ । कम्पनीले पुनर्स्थापन गर्ने वा सट्टा भर्ना दिने क्रममा गरेको वा गर्न लगाएको कुनै कार्यलाई कम्पनीले पुनर्स्थापन वा सट्टा भर्ना नै रोजेको मानिने छैन ।

यदि बीमा गरिएको सम्पत्तिलाई सडक विस्तार क्रममा खास ढाँचाको भवन निर्माण गर्ने व्यवस्था वा नगरपालिका वा अरू प्रचलित निकाय सम्बन्धी कारणले गर्दा पुनर्स्थापन वा सट्टा भर्ना दिन असमर्थ भएको स्थितिमा कम्पनी पूर्व अवस्थामा नियमित रूपबाट स्थापना वा मर्मत गर्दा लाग्ने रकम मात्र भुक्तान गर्न जिम्मेवार रहनेछ ।

१४. **अधिकारको प्रतिस्थापन (सब्रोगेसन अफ राइट्स)ः**

यस बीमालेख अन्तर्गत भएको कुनै हानि-नोक्सानीको सन्दर्भमा अन्य पक्षबाट कुनै अधिकार र उपाय वा क्षतिपूर्ति प्राप्त गर्नु पर्ने रहेछ भने बीमकले बीमितलाई हानि-नोक्सानी भुक्तानी वा क्षतिपूर्ति गरिसके पछि यस क्रममा अरू आवश्यक कारवाही गर्न कम्पनी अधिकार सम्पन्न हुनेछ र कम्पनीलाई आवश्यक परेमा बीमितले कम्पनीबाट क्षतिपूर्ति पाउनु अगावै वा पछि जुनसुकै बेला होस् मनासिब र आवश्यक देखिएका काम कारवाही कम्पनीको खर्चमा बीमितले गर्नेछ वा सो गर्नमा कम्पनीले सहमति तथा अनुमति दिनेछ ।

१५. **हानि-नोक्सानीको बाँडफाँड (कन्ट्रिब्यूसन)ः**

यदि बीमा गरिएको सम्पत्तिको हानि-नोक्सानी हुँदा बीमित वा अरू कुनै व्यक्तिले सोही सम्पत्ति अरूसंग पनि बीमा गराएको रहेछ भने कम्पनीले सो सम्पत्तिको लागि नोक्सानी भएको समानुपातिक रूपले दिनु पर्ने क्षतिपूर्तिभन्दा बढी दिने छैन ।

१६. **बन्देजः**

बीमा गरिएको कुनै सम्पत्ति वा वस्तुको सम्बन्धमा लागू गरिने वा गर्न सकिने प्रत्येक बन्देज त्यस्तो बन्देज गरिएको समयदेखि या बीमालेख बहाल रहने अवधिभर लागू हुनेछ । त्यस्तो बन्देजले जोखिम बढाउने वा घटाउने जे भए पनि उक्त बन्देज पालना नगरिएमा र सो कार्यले सो सम्पत्ति वा वस्तुको

हानि-नोक्सानी भएको अवस्थामा पर्ने कुनै दावी भुक्तानी गर्न कम्पनी बाध्य हुने छैन । तर यो बीमालेख नवीकरण गर्दा नवीकरणको अवधि शुरू हुनुभन्दा अगाडि कुनै समयमा त्यस्तो बन्देज पालना नगरिएको भन्ने कुराले नवीकरण अवधिभरमा भएको कुनै हानि-नोक्सानीका सम्बन्धमा गरिने दावीलाई कुनै बाधा पुऱ्याउने छैन ।

**१७. दावीको प्रक्रियाः**

१. कुनै हानि-नोक्सानी हुन गएमा बीमितले कम्पनीलाई तत्काल सो कुराको लिखित सूचना दिनु पर्ने छ र देहायका कुरा लिखित रूपमा कम्पनी समक्ष पेश गर्नु पर्नेछः-

क) हानि-नोक्सानी भएको सम्पत्तिको सम्पूर्ण हिस्सा वा वस्तुको प्रचलित मूल्य बमोजिमको त्यस्तो हानि-नोक्सानी मूल्य (कुनै किसिमको नाफा रहित) सहितको लिखित दावी ।

ख) अन्य कुनै बीमा भएको भए सोको विवरण ।

२. बीमितले जुनसुकै समयमा आफ्नै खर्चमा कम्पनीबाट मुनासिब रूपमा माग गरेको दावी तथा आगजनीको उत्पत्ति तथा कारण सम्बन्धी थप विवरण, नक्सा, श्रेस्ता, भौचर, बिजक तथा तत्सम्बन्धी कागजात, प्रमाण तथा जानकारीको प्रतिलिपि वा प्रतिहरू तथा त्यस्तो हानि-नोक्सानी हुन गएको परिस्थिति तथा कम्पनीको दायित्व वा दायित्वको रकमसंग सरोकार भएका कुनै कुरा एवं दावी तथा दावीसंग सम्बन्धित सम्पूर्ण कुराको सत्यताको उद्घोषण गरिएको शपथ वा अन्य कानूनी ढाँचाको उद्घोषण समेत पेश गर्नु पर्नेछ । यसरी उल्लेखित प्रक्रिया अबलम्बन नगरिएसम्म यस बीमालेख अन्तर्गतको दावी भुक्तानी गर्न कम्पनी बाध्य हुने छैन ।

३. यस बीमालेख अन्तर्गतको दावी पर्न सक्ने कुनै कुरा भएकोमा बीमितले तत्काल कम्पनीलाई सो कुराको जानकारी दिनु पर्नेछ र दोषी व्यक्तिको पहिचान गर्न तथा त्यस्तो व्यक्तिलाई सजायँ गर्न लगाउन र सम्पत्ति तथा नगदको पहिचान तथा असुली गर्ने कार्यमा आवश्यक पर्ने सबै समुचित सहयोग पुऱ्याउनु पर्नेछ ।

४. यस बीमालेखको खण्ड (ग) अन्तर्गतको कुनै दावी उत्पन्न हुन सक्ने कुनै कुरा थाहा पाएमा बीमितले-

क) तत्काल प्रहरीलाई सूचित गर्ने र कुनै दोषी व्यक्तिको पहिचान गर्न तथा त्यस्तो व्यक्तिलाई सजायँ गर्न लगाउन तथा सम्पत्ति र नगदको असुली गर्ने कार्यमा उचित सहयोग पुऱ्याउनु पर्नेछ ।

ख) कम्पनीलाई तत्काल सो कुराको लिखित सूचना दिई सो मितिले ७ (सात) दिनभित्र कम्पनी समक्ष लिखित दावी गर्नु पर्नेछ र कम्पनीले माग गरेको जानकारीका साथ आवश्यक पर्ने सबै प्रमाण तथा विवरण समेत पेश गर्नु पर्नेछ ।

त्यसरी बीमितद्वारा गरिएको कुनै दावी जालसाजी भएमा वा जानीजानी बढाई चढाई गरिएको भएमा वा सोको समर्थनमा कुनै वयान दिएको वा बीमाको अवधिभर यस बीमालेख अन्तर्गत बीमा गरिएको नगद राशी देखाउने श्रेस्ता रीतपूर्वक तथा यथार्थ रूपमा नराखिएको अवस्थामा यो बीमालेख निष्क्रिय हुनेछ र त्यस्तो कुनै पनि दावीको दायित्वको लागि कम्पनी जवाफदेही हुने छैन ।

५. कम्पनीको लिखित सहमति बेगर बीमितले कुनै दुर्घटना वा दावीका सम्बन्धमा वार्ता गर्न, कुनै भुक्तानी प्रस्ताव गर्न वा प्रतिरक्षा गर्न सक्ने छैन । कम्पनीले क्षतिपूर्ति सम्बन्धमा वा बीमितको नाममा अन्य कुनै दावीको प्रतिरक्षा गर्न चाहेमा वा आफैं खर्चमा आफ्नो हित रक्षार्थ बीमितको नाममा कारवाही चलाउन चाहेमा कम्पनीले सो कार्य गर्न सक्नेछ र त्यस्तो कुनै कारवाही शुरू गर्ने तथा कुनै दावीको समाधान गर्ने कुरामा कम्पनीको पूर्ण स्वविवेक रहनेछ र कम्पनीलाई त्यस्तो कार्य गर्न आवश्यक परेको अवस्थामा बीमितले कम्पनीले मागेका जानकारी एवं सहयोग उपलब्ध गराउनु पर्नेछ ।

६. यस बीमालेखको खण्ड (घ) अन्तर्गतको कुनै दुर्घटना सम्बन्धमा कम्पनीलाई सो कुराको लिखित सूचना यथाशीघ्र दिनु पर्नेछ । दुर्घटना भएको ७ (सात) दिनभित्र कम्पनीमा कुनै सूचना नदिएमा वा त्यस्तो सूचना ७ (सात) दिनभित्र दिन नसकेको अवस्थामा बीमितले बिलम्ब हुनाको मनासिब एवं उपयुक्त कारण सहितको स्पष्टीकरण कम्पनी समक्ष पेश गर्नु पर्नेछ । कुनै दुर्घटना भएको मितिले ३ (तीन) महिनाभित्र कम्पनीलाई सो कुराको सूचना नदिएको अवस्थामा त्यस्तो दुर्घटना सम्बन्धी कुनै दायित्वको लागि कम्पनी जिम्मेवार हुने छैन । दुर्घटनाबाट मृत्यु भएको अवस्थामा कम्पनीलाई तत्काल सो कुराको सूचना दिनु पर्नेछ ।

कम्पनीले मागेका सम्पूर्ण प्रमाण-पत्र, जानकारी तथा प्रमाण बीमित वा दावीकर्ताको खर्चमा कम्पनी समक्ष पेश गर्नु पर्नेछ र त्यस्ता कागजात कम्पनीले तोकेको ढाँचामा हुने छन् । कम्पनीको मेडिकल अधिकृत वा अन्य प्रतिनिधिले चाहेको समय तथा तरिकामा बीमित(हरू)को सबै समुचित जाँच गर्न सक्नेछ । बीमित(हरू)को मृत्यु भएकोमा कम्पनीले आफ्नो खर्चमा मृतकको लाश जाँच गराउन पाउनेछ ।

बीमित(हरू) योग्यता प्राप्त व्यावसायिक चिकित्सकको निगरानीमा नरहेसम्म कुनै क्षतिपूर्ति भुक्तानी पाउन योग्य हुने छैन ।

मृत्यु भएको अवस्थामा बाहेक यस बीमालेख अन्तर्गत कुनै पनि तोकिएको वा आश्रित व्यक्तिले बीमाको लाभ पाउने छैन ।

घटना घटेको मितिले ७ (सात) दिनभित्रमा सो घटनाबारे बीमितले कम्पनीलाई सूचित नगरेको अवस्थामा यस बीमालेखको खण्ड (ख) र (ग) अन्तर्गत भएको कुनै हानि-नोक्सानीका लागि कम्पनी जिम्मेवार हुने छैन ।

माथि उल्लेखित प्रकरण (१) देखि (६) सम्म लागू हुने शर्तहरूको पालना नगरिएको अवस्थामा यस बीमालेख अन्तर्गतको कुनै दावी भुक्तानी गरिने छैन । उल्लेखित शर्तहरू पालना नगरिएको दावीका सम्बन्धमा भुक्तानी गरिसकिएको कुनै दावी वापतको रकम समेत बीमितले बीमकलाई तत्काल फिर्ता दिनु पर्नेछ ।

**१८. जालसाजीः**

दावीको व्यहोरामा कुनै जालसाजी गरेको वा सोको समर्थनमा कुनै झुट्टा बयान दिइएको वा यस बीमालेख अन्तर्गत कुनै लाभ लिन बीमित वा निजको तर्फबाट अन्य कुनै व्यक्तिले कुनै माध्यम वा साधन प्रयोग गरेमा वा मनसाययुक्त कार्य गरेमा वा त्यस्तो कार्यमा बीमितको मौन सहमतिबाट हानि-नोक्सानी हुन गएको अवस्थामा वा दावी गरिएकोमा उक्त दावी अस्वीकार गरिएकोमा त्यसरी अस्वीकार गरिएपछि ३ (तीन) महिनाभित्र (यस बीमालेखको शर्त १९ बमोजिम मध्यस्थतामा रहेको अवस्था समेत) मा कुनै कारवाही वा मुद्दा मामिला नगरिएमा यस बीमालेख अन्तर्गतका सबै लाभहरूबाट बीमित वञ्चित हुनेछ ।

**१९. मध्यस्थताः**

यस बीमालेख अन्तर्गत हानि-नोक्सानीको रकममा विवाद भएमा त्यस्तो कुरा प्रचलित बीमा ऐन अनुसार हुनेछ ।

**२०. कम्पनीको दायित्वको म्यादः**

कुनै दावी कारवाहीको क्रममा मुल्तबी रहेको वा मध्यस्थता अन्तर्गत वा कुनै न्यायिक वा अर्ध-न्यायिक निकायमा विचाराधीन रहेमा बाहेक हानि-नोक्सानी भएको मितिबाट १२ (बाह्र) महिना भुक्तान भएपछि कम्पनी कुनै पनि अवस्थामा त्यस्तो हानि-नोक्सानी क्षतिपूर्ति दिनका लागि जवाफदेही हुने छैन ।

**२१. सूचनाः**

यस बीमालेख अन्तर्गत कम्पनीलाई दिनुपर्ने हरेक सूचना तथा अन्य जानकारी लिखित वा मुद्रित रूपमा हुनु पर्नेछ ।

**२२. शर्तहरूको पालनाः**

बीमितबाट पालना गर्नु पर्ने यस बीमालेखका शर्त एवं सुबिधाहरू र सम्पुष्टिको समुचित पालना भएको तथा उल्लेखित प्रस्तावमा दिइएको बयान र जवाफहरूको सत्यता नै यस बीमालेख अन्तर्गत कम्पनीले बहन गर्नु पर्ने दायित्वको पूर्व शर्त हुनेछ ।

# अनुसूची

| | |
|---|---|
| बीमितको नाम र ठेगाना: | बीमालेख नं. : |
| | अभिकर्ता/वि. अ. : |
| | जारी स्थान : |
| | जारी मिति : |
| | बीमा अवधि देखि सम्म अपरान्ह ४ बजेसम्म |
| बीमा गरिएको सम्पत्तिको अवस्था: | |
| रक्षावरण गरिएको खण्ड: | बीमाशुल्क रू. |
| बिल नं. | टिकट दस्तुर रू. |
| नवीकरण मिति: | **जम्मा** रू. |

**बीमा गरिएको सम्पत्ति (खण्ड "क" र "ख")**

**बीमा योग्य हित** बीमाङ्क

क) भवन र त्यसमा स्थायी रूपमा रहेका फिक्चर्स र फिटिङ्गहरू ...... रू.

ख) फर्निचर, शोकेश, र्‍याकहरू आदि ..... रू.

ग) फ्रीज, रेफ्रीजरेटरहरू रू.

घ) अन्य विद्युतीय सामानहरू रू.

ङ) विद्युतीय उपकरणहरू जस्तै जोख्ने मेशीनहरू, क्यास मेशीनहरू, क्यालकुलेटर आदि... रू

च) व्यापारिक प्रयोजनको लागि भण्डारमा रहेका सामानहरू (गरगहनाहरू, जवाहरात जस्ता बहुमूल्य सामान वा त्यस्ता बहुमूल्य जडान भएका कुनै पनि सामान बाहेक) .... रू

छ) आफू जिम्मेवार भएको र आफ्नो जिम्मामा रहेको वा आफूलाई कमिशन प्राप्त हुने सामानहरू रू

ज) रू.

झ) रू.

ञ) रू.

**कुल बीमाङ्क रकम रू**

**खण्ड "ग"**

**कारण सहितको अवस्थाहरू**

क) बीमितको जिम्मामा रहेको नगद वा कुनै पनि आधिकारिक कर्मचारीले बैंक वा अन्य बैंक परिसरबाट नगद प्राप्त गर्दाको समयमा सार्वजनिक सवारी साधनको प्रयोग गरिंदाको अवस्थामा बाहेक बैंक परिसरबाट सोझै नगद ओसार्दा रू.

ख) उल्लेखित परिसरमा रहेको अवस्थामा रू.

ग) अनुमानित वार्षिक खेप रू.

बीमा प्रस्तावमा उल्लेख गरे अनुसार कार्यालय समयपछि सबै नगद सेफमा वा स्ट्रङ्गरूममा राखिएको हुनुपर्नेछ ।
"नगद" भन्नाले सिक्का वा नोटहरू भन्ने बुझ्नु पर्दछ ।
"कार्यालय समय" भन्नाले सामान्यतया व्यावसायिक प्रयोजनको लागि बीमित परिसर उपभोग गरिएको अवधि र उक्त परिसरमा बीमित वा निजको कर्मचारीको जिम्मामा रहेको नगद भन्ने बुझ्नु पर्दछ ।

**खण्ड "घ"**

**कर्मचारीको नाम:**

| | | |
|---|---|---|
| १. | २. | ३. |
| ४. | ५. | ६. |

**खण्ड "ङ"**

साइनबोर्ड/नियोन साइनबोर्डको बीमा

साइनबोर्डको विस्तृत विवरण चौडाई लम्बाई

निमित्त: **सगरमाथा इन्स्योरेन्स कम्पनी लि.**

अधिकार प्राप्त दस्तखत

# अनुसूची

| | | | |
|---|---|---|---|
| बीमालेख नं. | | नवीकरण मिति | |
| बीमितको नाम: | | बिल नं. | अभिकर्ता: |
| बीमितको ठेगाना: | | | |
| बीमा गरिएको सम्पत्तिको अवस्था: | | | |
| बीमा अवधि: | अपरान्ह ४ बजेदेखि | अपरान्ह ४ बजेसम्म | |
| वार्षिक बीमाशुल्क रू. | | रक्षावरण गरिएको खण्ड | |

**बीमा गरिएको सम्पत्ति (खण्ड "क" र "ख")**

**बीमा योग्य हित** बीमाङ्क

क) भवन र त्यसमा स्थायी रूपमा रहेका फिक्चर्स र फिटिङ्गहरू ...... रू.
ख) फर्निचर, शोकेश, ऱ्याकहरू आदि ..... रू.
ग) फ्रीज, रेफ्रीजरेटरहरू रू.
घ) अन्य विद्युतीय सामानहरू रू.
ङ) विद्युतीय उपकरणहरू जस्तै जोख्ने मेशीनहरू, क्यास मेशीनहरू, क्यालकुलेटर आदि... रू
च) व्यापारिक प्रयोजनको लागि भण्डारमा रहेको सामानहरू (गरगहनाहरू, जवाहरात जस्ता बहुमूल्य सामान वा त्यस्ता बहुमूल्य जडान भएका कुनै पनि सामान बाहेक) .... रू
छ) आफू जिम्मेवार भएको र आफ्नो जिम्मामा रहेको वा आफूलाई कमिशन प्राप्त हुने सामानहरू रू
ज)
झ)
ञ)

कुल बीमाङ्क रकम रू

**खण्ड "ग"**

**कारण सहितको अवस्थाहरू**

क) बीमितको जिम्मामा रहेको नगद वा कुनै पनि आधिकारिक कर्मचारीले बैंक वा अन्य बैंक परिसरबाट नगद प्राप्त गर्दाको समयमा सार्वजनिक सवारी साधनको प्रयोग गरिंदाको अवस्थामा बाहेक बैंक परिसरबाट सोझै नगद ओसार्दा
ख) उल्लेखित परिसरमा रहेको अवस्थामा
ग) अनुमानित वार्षिक खेप

बीमा प्रस्तावमा उल्लेख गरे अनुसार कार्यालय समयपछि सबै नगद सेफमा वा स्ट्रङ्गरूममा राखिएको हुनुपर्नेछ ।
"नगद" भन्नाले सिक्का वा नोटहरू भन्ने बुझ्नु पर्दछ ।
"कार्यालय समय" भन्नाले सामान्यतया व्यावसायिक प्रयोजनको लागि बीमित परिसर उपभोग गरिएको अवधि र उक्त परिसरमा बीमित वा निजको कर्मचारीको जिम्मामा रहेको नगद भन्ने बुझ्नु पर्दछ ।

**खण्ड "घ"**

**कर्मचारीको नाम:**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | | २. | | ३. | |
| ४. | | ५. | | ६. | |

**खण्ड "ङ"**

साइनबोर्ड/नियोन साइनबोर्डको बीमा
साइनबोर्डको विस्तृत विवरण
चौडाई लम्बाई

यस बीमालेखमा माथि उल्लेखित कुराहरूको साक्षीस्वरूप सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड, काठमाडौको तर्फबाट आजका मिति ......................... मा हस्ताक्षर गरिएको छ ।

...............................................
सगरमाथा इन्स्योरेन्स कं. लि.को तर्फबाट
आधिकारिक हस्ताक्षर